[illegible] संख्या २६.

२०७५/०७६ बैठक संख्या १०

आज मिति २०७६ जेठ महिनाको ७ गतेका दिन धवलागीरी गाउपालिका, गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री धमसरा पुन ज्यूको अध्यक्षतामा वसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री धमसरा पुन | अध्यक्ष | |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| श्री कक बहादुर छन्त्याल | वडाध्यक्ष | वडा नं. १ |
| श्री गम प्रसाद वि.क. | वडाध्यक्ष | " " २ |
| श्री धर्म पुन | वडाध्यक्ष | " " ३ |
| श्री बेग प्रसाद घर्ती | वडाध्यक्ष | " " ४ |
| श्री राजाराम उपाध्याय | वडाध्यक्ष | " " ५ |
| श्री कलानिधी शर्मा | वडाध्यक्ष | " " ६ |
| श्री देउ प्रसाद छन्त्याल | निर्वाचित | का.पा. सदस्य |
| श्री सुवादेवी पुर्जा | " | " " |
| श्री तिल कुमारी के.सी. | " | " " |
| श्री किनमाया घर्ती | " | " " |
| श्री गोविन्द सुनार | गाउँ कार्यपालिका सचिव | |

प्रस्तावहरु :-

१) आयोजना छनौट सम्बन्धमा ।

२) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको च.नं. १७०६ पत्र सम्बन्धमा।

३) वडा स्तरिय योजना छनौट तथा सो का लागि खर्च रकम विनियोजन सम्बन्धमा ।

४) योजनाको नाम संशोधन सम्बन्धमा ।

५) अख्तियारी प्रदान सम्बन्धमा ।

६) भूक्तानी सम्बन्धमा ।

७) माईक उपलब्ध गराउने सम्बन्धमा ।

८) धौलागीरी वेश क्याम्पमा पर्यटन सुचना केन्द्र ~~एवं प्राथमिक उपचार केन्द्र~~ तथा स्वास्थ्य परिक्षण स्थल निर्माण मा साझेदारी कोष सम्बन्धमा ।

९) विविध योजनाका लागि बजेट बाँडफाँट सम्बन्धमा ।

निर्णयहरु :-

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल हुँदा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १४६ मिति २०७६।०१।२६ को पत्रद्वारा माग गरेका योजना तथा आयोजनाहरुको विवरण सम्बन्धित मन्त्रालयमा पठाउने।

प्रस्ताव गरिएका आयोजना विवरण :

क) एक गाउँपालिका एक खेल मैदान निर्माण योजना अन्तरगत धौलागिरी गाउँपालिका वडा नं. ६ को मराङ।

अनुमानित लागत :- २ करोड (प्रदेश सरकारबाट प्राप्त गर्ने)

पालिकाले व्यहोर्ने सम्पूरक कोष :- ५० लाख

ख) स्वास्थ्य चौकी भवन निर्माण योजना, धौलागिरी गा.पा. वडा नं. ३ मुना

अनुमानित लागत :- २ करोड (प्रदेश सरकारबाट प्राप्त गर्ने)

पालिकाले व्यहोर्ने सम्पूरक कोष : रु. ५० लाख

ग) लुलाङ (वडा नं. २) – गुर्जा (वडा नं. १) मोटरबाटो निर्माण योजना

अनुमानित लागत :- २ करोड (प्रदेश सरकारबाट प्राप्त गर्न सकिने)

पालिकाले व्यहोर्ने सम्पूरक कोष :- रु. १ करोड

घ) गरिबी निवारणका लागि "सहकारीद्वारा सतुवा खेती" सञ्चालन योजना

अनुमानित लागत :- रु. २ करोड (प्रदेश सरकारबाट प्राप्त गर्न सकिने)

पालिकाले व्यहोर्ने सम्पूरक कोष :- रु. ५० लाख

ङ) धौलागिरी गा.पा. को "धारापानी - ताकम - काफलडाँडा - मच्छिम - मुना - खोरिया - अलजला हुँदै दोरपाटन पर्यटन मार्ग निर्माण योजना

अनुमानित लागत :- २ करोड (प्रदेश सरकारबाट प्राप्त गर्न सकिने)

पालिकाबाट व्यहोर्ने सम्पूरक कोष :- रु. ५० लाख

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको च.नं. १७०६ मिति २०७६।०१।११ को पत्रको सम्बन्धमा स्वास्थ्य क्षेत्रमा कार्यरत अ.न.मी. र अ.हे.व. कर्मचारीहरुको आ.व. २०७४।०७५ को चाडपर्व भत्ता नदिएको भन्ने उजुरीको विषयमा उजुरीकर्ता कर्मचारीहरुले चाडपर्व खर्चको लागि व्यक्तिगत रुपमा निवेदन नदिई सामुहिक रुपमा निवेदन दिएको, सो आ.व. मा स्वास्थ्य क्षेत्रको कर्मचारीहरुको लागि चाडपर्व खर्च भत्ता अपुग भएको र तीज कर्मचारीहरुले चाडपर्व खर्च भत्ताको लागि दायित्व अर्को आ.व. मा सर्ने गरी म.ले.प. १८ नं. फाराम समेत नभरेको, तालुक निकायमा - बजेटका लागि बारम्बार ताकेता गरी माग गर्दा समेत रकम निकासा नभएको, साथै तीज कर्मचारीहरुले ०७४।०७५ मा चाडपर्व खर्च "माघी पर्व" भनि मागेको र आ.व. २०७५।०७६ मा मुख्य चाडपर्व दशैंमा चाडपर्व खर्च पाएकोले आ.व. २०७४।०७५ को चाडपर्व खर्च उपलब्ध गराउन नसक्ने।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ उपर व्यापक छलफल हुँदा आ.व. २०७६।०७७ का लागि बजेट विनियोजन तथा

योजना तर्जुमाको लागि यस गा.पा अन्तरगतका प्रत्येक वडामा वडास्तरीय योजना स्तरीकरण मिति २०७६।२।२० सम्ममा सम्पन्न गरी मिति २०७६।०२।२ गते बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने। सो कार्यको लागि प्रत्येक वडा कार्यालयलाई देहाय बमोजिमको प्रशासनिक खर्च उपलब्ध गराउने।

देहाय:-

| | | | |
|---|---|---|---|
| क) | धवलागिरी गा.पा. वडा नं. १ को कार्यालय | गुर्जालाई | रु १२,०००।- |
| ख) | धवलागिरी गा.पा. वडा नं. २ को कार्यालय | लामसुङलाई | रु १५,०००।- |
| ग) | " " " ३ " " | मुनालाई | रु १५,०००।- |
| घ) | " " " ४ " " | मुदीलाई | रु २०,०००।- |
| ङ) | " " " ५ " " | मल्कबाङ | रु १५,०००।- |
| च) | " " " ६ " " | मराङ | रु २५,०००।- |
| छ) | " " " ७ " " | ताकम | रु ३०,०००।- |
| ज) | धवलागिरी गाउँकार्यपालिकाको कार्यालयलाई | | रु १५,०००।- |
| | | जम्मा | रु १,४७,०००।- |

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा देहाय बमोजिमको योजनाहरूको विनियोजित रकम हेरफेर नहुने गरी योजनाको नाम संशोधन गर्ने।

क) साविकको नाम:-

हालको नाम:- कुटीचौर - गौंडामुनी - कल्लेनी पुल हुँदै कौसेनी मोटरबाटो निर्माण योजना

ख) साविकको नाम:- पश्चिम स्कुल ग्राउन्डमा ढुंगा छपाउने योजना

हालको नाम :- भुम्रे आधारभूत विद्यालयमा प्लाष्टर गर्ने योजना

ग) साविकको योजना: व्यवसायिक भेँडापालन कृषकलाई सहयोग

हालको योजना :- पशुबिमा तथा पशुबिमा सम्बन्धि अभिमुखीकरण कार्यक्रम

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा "जेष्ठ नागरिक दिवा केन्द्र" ताकमको लागि प्रदेश - सरकार सामाजिक विकास मन्त्रालयबाट उल्लेखित केन्द्र व्यवस्थापन गर्नको लागि रु २,००,०००।- अक्षररुपी दुई लाख विनियोजन भएकोले उक्त योजनाको सम्झौता गर्न गाउँपालिका अध्यक्ष लाई अख्तियारी प्रदान गर्ने।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँपालिका अन्तरगत विभिन्न वडाका कृषक समुहबाट खरिद भएको खसुवा को बेर्ना ~~बुको~~ ~~भुक्तानी~~ बिलभरपाई बमोजिम भुक्तानी गर्न गाउँ - कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गा.पा अन्तरगतका विभिन्न / सबै वडामा सुचना प्रवाहको रुपमा कार्यरत कराहा लाई एक/एक थान माइक देहाय बमोजिम उपलब्ध.

गराउने

क) वडा नं १ गुर्जा — १ थान
ख) वडा नं. २ लुलाङ — ३ थान
ग) वडा नं. ३ मुना — ३ थान
घ) वडा नं. ४ मुदी — ३ थान
ङ) वडा नं. ५ मल्कवाङ — ३ थान
च) वडा नं. ६ मराङ — ३ थान
छ) वडा नं. ७ ताकम — ६ थान

जम्मा २२ थान

निर्णय नं. ८

यस गाउँपालिका अन्तरगत पर्ने धवलागिरी बेश क्याम्पमा "पर्यटन सुचना केन्द्र एवं स्वास्थ्य परिभ्रमण स्थल" ~~औपचारिक सहितको प्राथमिक उपचार केन्द्र~~" निर्माणको लागि गण्डकी प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट बजेट व्यवस्थापन भएको हुँदा उक्त संरचना निर्माण गर्न आवश्यक पर्ने कुल लागतको २०% (विस प्रतिशत) लागत यस गाउँपालिकाले साझेदारी लागत व्यहोर्ने। साथै सो योजना सम्झौता गर्नका लागि गाउँपालिका अध्यक्षलाई अख्तियारी प्रदान गर्ने।

निर्णय नं. ९

यस आ.व.भित्र सारभूत रुपमा खर्च हुन नसकेको पुँजीगत, चालु र कन्टेन्जेन्सी रकम शीर्षकबाट तपशिल बमोजिमका महत्वपूर्ण योजना तथा कार्यक्रम सम्पन्न गर्न कुल बजेट रकमको २५% (पच्चिस प्रतिशत) रकममा नबढ्ने गरी विनियोजन गर्ने।

क) गाउँपालिका अन्तरगतका विद्यालयहरूमा बाल स्वास्थ्य परिक्षण कार्यक्रमका लागि औषधि खरिद गर्न रु १,००,०००।- (अक्षररुपी एक लाख।)
ख) मुदी स्वास्थ्य चौकीमा सोलार जडान गर्न रु १,००,०००।- (रु एक लाख)।
ग) स्वास्थ्य कार्यालयको सहकार्यमा स्त्रीरोग विशेषज्ञ सहितको शिविर सञ्चालन गर्न "औषधि, औजार खरिदको" लागि रु ३,००,०००।- (अक्षररुपी तीन लाख)
घ) गाउँपालिकाको सभाहल तथा गाउँपालिका कार्यालयको सिलिङ, निर्माण र रंगरोगन गर्न रु ३,००,०००।- (अक्षररुपी तीन लाख)-
ङ) सिस्नेखोला - माइथान मोटरबाटो निर्माण योजना रु २,००,०००।- (अक्षररुपी दुई लाख)
च) मच्छिम देखि दलितबस्ती सम्म मोटरबाटो निर्माण योजना रु ५,००,०००।- (रु पाँच लाख)
छ) लुलाङ वडा नं २ र मराङ वडा नं ६ मा एक घर एक धारा DPR गर्न रु ५,००,०००।- अक्षररुपी पाँच लाख।